नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
धुन्चे, रसुवा

फोन नं. ०१०-५४०१३१
हटलाईनः ०१०-५४००१९(२४सैं घण्टा)
ईमेलः rasuwadao@gmail.com
वेवसाईटः daorasuwa.moha.gov.np
Google+ code: 476K+J6
Google Plus Code 476W+J6F
बागमती प्रदेश, नेपाल

पत्र संख्या :-
चलानी नं :-

## वातावरणमैत्री/स्थानीय फुलमालाको प्रयोग सम्बन्धी सूचना

नेपालीहरूको महान चाड तिहार, नेपाल सम्वत् र छठ लगायतका पर्वहरूको सन्दर्भमा सम्पूर्ण रसुवाबासी आमा, बुवा, दाजुभाई, दिदीबहिनीहरूमा सुःख, शान्ति, सम्वृद्धिको हार्दिक "मंगलमय शुभकामना व्यक्त गर्दछौं।

चाड पर्वहरूमार्फत भातृत्व र भाईचाराको विकास हुनेछ र यसले सामाजिक सद्भाव र समभाव प्रबर्द्धन गर्न समेत टेवा पुग्नेछ भन्ने विश्वास लिएका छौं। रसुवा जिल्लाका विभिन्न स्थानीय तहहरूमा पुष्प खेती व्यवसायको रुपमा विकास हुने क्रममा रहेको र हाम्रो देश नेपाल समेत क्रमशः पुष्प व्यवसायमा आत्मनिर्भर हुँदै आएको सन्दर्भमा प्लाष्टिकजन्य वस्तुवाट निर्मित फुलमाला, खाँदा र अन्य सामग्रीको प्रयोग नगर्नु नगराउनु हुन अनुरोध छ। नेपाल सरकार, वन तथा वातावरण मन्त्रालयले वातावरण संरक्षण ऐन, २०७६ को दफा १६ को उपदफा (६) ले दिएको अधिकार प्रयोग गरी नेपालभर प्लाष्टिककजन्य फुलगुच्छाको उत्पादन, आयात, बिक्री वितरण र भण्डारण गर्न पूर्ण रुपमा रोक लगाईएको व्यहोराको मिति २०७९ श्रावण १२ को नेपाल राजपत्रमा प्रकाशित सुचना समेत सवैमा अवगत नै छ। वातावरण र स्वास्थ्यमा प्रत्यक्ष असर गर्ने प्लाष्टिकजन्य फुलमालाको उत्पादन, विक्रिवितरण, ओसारपसार र उपभोग गरेको पाईएमा प्रचलित कानून बमोजिम कारवाही हुने व्यहोरा समेत सम्बन्धित सबैको लागि जानकारी गराईन्छ। बजार अनुगमनको क्रममा त्यस्ता प्लाष्टिकजन्य सामग्रीहरू बिक्रिवितरण भएको पाइएमा उक्त सामान जफत गरी कडा जरिवाना हुने व्यहोरा समेत अनुरोध छ। वातावरणमैत्री र स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्न समेत टेवा पुग्ने भएकाले प्राकृतिक रुपमा उत्पादन भएको पुष्पगुच्छा, फुलमालाको प्रयोगलाई प्रोत्साहन गर्नु गराउनुहुन सबै सरकारी, निजी, गैरसरकारी कार्यालयहरू र आम/रसुवावासीमा हार्दिक अनुरोध गर्दछौं।

मितिः २०८१।०७।१४ गते, ने.सं. ११४४ कौलागा,१३।

.........................
(अर्जुन पौडेल)
प्रमुख जिल्ला अधिकारी